नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चामे, मनाङ

फ्याक्स नं. ०६६-४४०१३९
फोन नं. ०६६-४४०१३३
email: manangcdo2017@gmail.com

मितिः-२०७७/०५/०४

## जिल्ला प्रवेश र स्वास्थ्य सुरक्षा मापदण्ड परिपालना सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, मनाङको सूचना !

विश्वभर फैलिई रहेको COVID-19 अर्थात कोरोना महामारीवाट हामी पनि अछुतो छैनौं । मनाङ जिल्लामा पनि संक्रमणको जोखिम बढ्दै गइरहेको सन्दर्भमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७७/०५/०४ गतेको बैठकवाट जिल्लाको एक मात्र प्रवेश विन्दु नासों गाउँपालिकाको तालमा भईरहेको चेक जाँचलाई व्यवस्थित र प्रभावकारी बनाउन विना काम, औचित्य र सरोकार नरहेकालाई जिल्ला प्रवेश नदिने र स्थानीय व्यक्तिको हकमा सम्वन्धित वडा/गा.पा. र कर्मचारीको हकमा परिचय पत्र र सो नभए कार्यालयसंग प्रमाणित गरेर प्रवेश गराउने र जिल्ला बाहिरवाट आउने स्थानीय व्यक्तिहरुले सम्बन्धित पालिका/वडाअध्यक्षको सहमति लिएर मात्र आउन सक्ने व्यवस्था गर्न सवै पालिकालाई अनुरोध गर्ने, जिल्ला बाहिरबाट भित्रीएका स्थानीय व्यक्तिहरुलाई सम्बन्धित गाउँपालिकाले क्वारेन्टाइनमा राख्न अनुरोध गर्ने र जिल्ला भित्रीने कर्मचारीले २ हप्ता सम्म कार्यालय र आवासमा मात्र रही, सामाजिक दूरी कायम गरी, स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई सतर्कतापूर्वक कार्यसम्पादन गर्न सबै कार्यालयलाई जानकारी गराउने निर्णय भएकाले तदनुरुप गर्न गराउन सवैको जानकारी र सहयोगका लागि यो सूचना मार्फत सूचित गरिन्छ । यस विपरित हेल्चक्रयाई, लापरबाही, जबरजस्ती र अवहेलना गर्ने गराउनेलाई संक्रामक रोग ऐन, २०२० तथा अन्य प्रचलित नेपाल कानून वमोजिम कारबाही हुने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

२०७७/०५/०४

(ध्रुव गिरी)
प्रमुख जिल्ला अधिकारी